## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१.यस बित्तिय संस्थाको २० औ., २१औ, २२औ, २३औ, २४औ, २५औ, २६औ र २७ औ बार्षिक साधारण सभाको प्रयोजनको लागि नेपाल स्टक एक्स्चेन्च लिमिटेडमा मिति २०७७ साल साउन २५ गते सम्म कारोवार भई मिति २०७७ साल साउन २६ गते पश्चात ७ (सात) कार्य दिनभित्र यस संस्थाको शेयर रजिष्टार प्रभु क्यापिटल लि. मा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले साधारण सभामा भाग लिन पाइने छ ।

२. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा कक्ष भित्रप्रवेश गर्नको लागि शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ तथा मादकपदार्थ सेबन गरेको ब्यक्ति तथा झोलामा हातहतियार लगायत बिष्फोटक पदार्थ साथमा लिई आएका ब्यक्तिलाई सभा प्रबेशमा रोक लगाइने छ ।

३. शेयरधनी महानुभावहरुले सभा भवन प्रवेश गर्नु पूर्व उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका साधारण सभाहुने दिन दिनको १०:०० बजे देखि नै खुल्ला गरिनेछ ।

४. साधारण सभामा भागलिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम साधारण सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

५.साधारण सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछी सम्बन्धित शेयरधनी आफै साधारण सभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा साधारण सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि नै सो को सूचना संस्थाको प्रधान कार्यालयमा पठाउनु हुन अनुरोध छ । यस्तो जानकारी प्राप्तभएमा प्रतिनिधिपत्र (प्रोक्सी) स्वतःबदर हुनेछ ।

६. कुनै शेयरधनीले एक भन्दाबढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेकोमा संस्थाको कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

७.नावालक वा विक्षिप्त शेयरधनीको हकमा संस्थाको शेयरधनीदर्ता पुस्तिकामा संरक्षकको रुपमा नामदर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भागलिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ ।

८. संयुक्त रुपमा साधारण शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्बसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरुको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउनेछ ।

९. बिविध विषय अर्न्तगत छलफल गर्न चाहने शेयरधनी महानुभावहरुले सम्बन्धित विषय खुलाई सभा हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संस्थाका अध्यक्षलाई लिखित जानकारी उपलब्ध गराउनु पर्नेछ ।

१०. अन्य जानकारीको लागि संस्थाको रजिर्ष्टर्ड कार्यालय कमलादी काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न शेयरधनी महानुभावहरुमा अनुरोध गरिन्छ । साथै उक्त सुचना संस्थाको वेबसाइट www.nefinsco.com.बाटजानकारी लिन सकिने छ ।